# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको
## एकीकृत परिपत्र-२०७८ मा संशोधन गरिएको सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको एकीकृत परिपत्र-२०७८ को इ.प्रा. परिपत्र ०१/२०७८ को दफा १.३.१ मा उल्लिखित व्यवस्थालाई खारेज गरी, इ.प्रा. परिपत्र ०१/२०७८ को दफा १.११.१ को खण्ड (च) मा उल्लिखित व्यवस्थालाई तथा अनुसूची १.१० लाई संशोधन गरी, इ.प्रा. परिपत्र ०५/२०७८ को दफा १ को बुँदा (क) लाई संशोधन गरी, इ.प्रा. परिपत्र १७/२०७८ को दफा ३ को शर्त नं. ४ र शर्त नं. १२ लाई संशोधन गरी, इ.प्रा. परिपत्र १७/२०७८ को दफा ४ को शर्त नं. (ग) र शर्त नं. (ङ) लाई संशोधन गरी तथा इ.प्रा. परिपत्र :२४/२०७८ मा दफा १२ थप गरी यस विभागको मिति २०७८/११/१८ को इ.प्रा. परिपत्र संख्या : २१/२०७८-७९ मार्फत् परिपत्र जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

मिति २०७८/११/१८ को इ.प्रा. परिपत्र संख्या : २१/२०७८-७९ र सो सम्बन्धी विस्तृत जानकारी यस बैंकको वेवसाइट www.nrb.org.np बाट प्राप्त गर्न सकिने छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइटमा सूचना प्रकाशन भएको मिति : २०७८/११/१८ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग